# कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८२/ २०८३को प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

भूमिका

स्थानीय तहबाट संचालन गरिने विकास निर्माणको कार्य तथा नगरपालिका तथा वडा कार्यालयहरुबाट सार्वजनिक सेवा सम्पादन गर्दा आईपरेका समस्या र समाधानका सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही नागरिकहरुका बिचमा दोहोरो सम्बाद स्थापित गरि नगरको विकास र सम्बृद्धिका प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमबाट सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारी सस्कार बसाउन सार्वजनिक सेवा प्रदान गर्ने निकायले चौमासिक रुपमा सेवाग्राहीको राय बुझ्ने सजिलो माध्यमको रुपमा सार्वजनिक सुनुवाई गर्ने गरिएको छ।

स्थानीय तहबाट संचालित विकास निर्माणका कार्यक्रम लगायत उपलब्ध सेवा बस्तु र सुबिधाका बिषयमा सार्वजनिक गरि त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक स्थलमा नै नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरि सोहि बमोजिम सेवा प्रवाह मार्गदर्शन हुने बिश्वास लिईएको छ।कालिका नगरपालिकाले आर्थीक वर्ष २०८२/२०८३ को पहिलो सार्वजनिक सुनुवाई कार्यक्रम यहि २०८२ कार्तिक ३० गते आईतवार दिनको १ बजे कालिका नगरपालिका कालिका सभाहल (महिला संजाल ) को भवनमा संचालन भएको थियो।

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा देहायका उदेश्य लिईएको थियो।सो अनुसार निम्न बमोजिम कार्यहरु सम्पन्न भएका थिए।

१. सार्वजनिक सुनुवाई कार्यक्रम कालिका नगरपालिकाका नगरप्रमुख अध्यक्षतामा एबम नगर उपप्रमुख श्री बिमला तामांग ज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री देवराज चौलागाई , वडा अध्यक्ष ज्युहरु, शाखा प्रमुख ज्युहरु, वडा सदस्य ज्युहरु, उपभोक्ता समितिका पदाधिकारी,सामुदायिक वनका अध्यक्ष ज्युहरु विभिन्न संघ सस्था प्रतिनिधि, स्थानीय सामाजिक अगुवाहरु , स्थानीय बासी गरि करिव १२०.जना व्यक्तिहरुको उपस्थिति रहेको थियो।

२.कालिका नगरकार्यपालिकाको कार्यालयबाट पहिलो चौमासिकमा संचालन भएका गतिविधिहरुको जानकारी एबम सार्वजनिकीकरण . प्रमुख प्रशासकीय अधिकृत श्री देवराज चौलागाईले गर्नुभएको थियो। सो प्रतिवेदन यस प्रकार रहेको छ।

नगर कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चितवन रत्ननगरग्राम, बागमती प्रदेश, नेपाल

शाखा अधिकृत

# कालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण

१. पृष्ठभूमिः

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०८२/०४/०१ देखी मिति २०८२/०७/२८ गते सम्म सम्पादन गरेका काम / कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ ।

यस सार्वजनिक सुनुवाई मार्फत नगरपालिका र नगरबासी बिच दोहोरो सम्वाद स्थापित भई नगरपालिकाको कार्यसम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध गराउने र नगरपालिकाले उठेका प्रश्न, जिज्ञासा तथा गुनासोहरुको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

२. मोडरेटरः देवघाट मल्टीमेडिया प्र.लि.

- समयः दिनको १ बजे
- स्थानः वडा न. २ नगर सभाहल (महिला संजाल भवन ) परिसर।
- उद्धेश्यः यस सार्वजनिक सुनुवाई कार्यक्रमका उद्धेश्य देहाय बमोजिम हुनेछन।

३.चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक भरिमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने ।

- नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने ।
- आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने ।
- सरोकारवालाको गुनासो यथासम्भव सम्बोधन गर्ने/गराउने

४ सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरू

## क) अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरू र सो कोकार्यान्वयन अवस्थाः

४.१ सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिने छ। कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक सस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ। नगर क्षेत्रका सबै वडाहरु मार्फत बढी भन्दा बढी सरोकारवालाहरुको उपस्थितिका लागि पत्राचार गरिएको छ। नगरले जिंगल तयार गरि बजाईएको छ। माईकिंग गर्ने कार्य गरिएको छ । नगरको सूचना पाटीमा टास गर्नुका साथै फेसबुकमा पालिकाको सूचना राखिएको छ ।

शाखा अधिकृत

४.२ .सेवा प्रवाहको औजरको रुपमा रहेको नागरिक अभिमत -पत्रमा प्राप्त सुझावहरुलाई प्रवाभकारी रुपमा कार्यन्वयन गरि स्वच्छ प्रशासनिक सेवा प्रवाहमा जोड दिईनेछ।

कालिका नगरपालिकाले नागरिक अभिमतबाट आएको सुझावहरुलाई क्रमिक रुपमा कार्यन्वयन गर्दै जाने नीति अवलम्वन गरिएको छ। यसबाट आएको सुझावहरु सुशासनको प्रत्याभुति को रुपमा स्वीकार गरि यसलाई सम्पत्ति मानि कार्यक्रम तय गर्दा प्रार्थमिकता दिने गरि कार्यक्रम कार्यान्विनका लागि जोड दिएका छौ । प्रशासनिक सुधार गर्दै प्रविधि प्रयोगमा जोड दिईएको छ ।

४.३ .सार्वजनिक सुनुवाई नियमित रुपमा प्रत्येक चौमासिक रुपमा संचालन गरिने छ ।

कालिका नगरपालिकाले बिगत ४ वर्ष देखि चौमासिक रुपमा सार्वजनिक सुनुवाई सुनुवाई कार्यक्रम विभिन्न फरक फरक स्थानमा संचालन गर्दै आईरहेको छ । सोही कार्यक्रम बाट प्राप्त राय सुझावहरुलाई कार्यक्रम तथा प्रशासनिक कार्यमा सदुपयोग गरि जन चाहना अनुसार पालिकाका नीतिहरु तय गर्दै अघि बढ्ने छौ ।

४.४. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने बिषय भए आगामी नगरसभा र व्यवहारिक र कार्य दक्षता लाई तत्काल शुरुवात गरिने छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको विषय भएकोले आएको सुझावहरुलाई नगर सभा तथा कार्यपालिका बैठकबाट सम्बोधन गर्ने गरिएको छ । दैनिक सेवा प्रवाहमा समेत प्रवाभकारी परिवर्तन भएको महसुस गरेका छौ ।

१. <u>हाम्रा थप प्रतिवद्दता</u>

क.) संघ, प्रदेश, स्थानीय तह र अन्य निकायसंग सहकार्य गरी विकास निर्माण कार्यलाई अघि बढाईने छ । नेपालमा ३ तहको सरकार विद्यमान रहेको अधिकार र काम कर्तब्यको क्षेत्रहरुमा पनि समन्वय,सहकार्य,सह अस्तित्वलाई स्वीकार गर्दै विकास निर्माणका कार्यहरुलाई अगाडि बढाईएको र पालिकाहरु बीच पनि समन्वय र सहकार्यमा कार्यहरु भईरहेको छ।

५.१. कार्यालयको सेवा प्रवाहलाई बढी जनमुखी तथा पारदर्शी र मुस्कान सहितको सेवालाई प्रभावकारी बनाईने छ ।

क. सेवा प्रवाह लाई प्रभावकारी बनाउन सम्पत्ति कर वडाबाट नै संकलन गर्ने कार्यलाई प्राथमिकता दिई कार्यन्वयन गरिएको छ ।

५.२ ) कार्यालयम र वडा कार्यालयमा सेवाग्राही कक्ष (help desk) बाट निवेदन लेखन, फोटोकपी उपलब्धता तथा कार्यालय संग सम्बन्धित जानकारी प्रदान गर्ने गरिएको छ ।

५.३ सार्वजनिक सुनुवाई कार्यक्रम लाई बढी सहभागीता मुलक गराई अर्थपूर्ण बनाउन जोड दिइने छ ।

५.४ कार्यालयको facebook तथा website मा सूचना राखिएको ,कार्यालयको र वडाको सूचना पाटीमा समेत सूचना राखिएको ।

शाखा अधिकृत

५.५ . सार्वजनिक सुनुवाईमा प्राप्त रचनात्मक सुझाँवहरुलाई कार्यान्वयनमा जोड दिइने छ ।
सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरुलाई क्रमश कार्यान्वयन गरिएको र आगामी दिनमा पनि कार्यान्वयन गरिदै लगिने छ ।

५.६ कालिका नगरपालिकाको कार्यक्रममा सीप विकास आय-आर्जनका कार्यक्रमहरु संचालन गर्नका लागि नीतिहरु तय गरी संचालनमा ल्याइने छ ।

ख) नगरपालिकाबाट बिगतमा सीप विकास तालिम लिई उद्यमी भएका व्यक्तिहरुलाई एडभान्स कोर्ष स्तरोन्नति र प्रविधि हस्तान्तरण गर्न रकम बिनियोजन गरिएको ।

**ख. प्रथम चौमासिक अवधिमा भए गरेका कार्यहरुः-**

**शाखागत प्रगति प्रस्तुतिः**

| प्रशासन शाखाः | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| दरवन्दी तथा पदपुर्ति अवस्थाः | | | | | | | |
| स्थायी कर्मचारीहरुः नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ | | | | | अस्थायी कर्मचारीहरुः (करार तथा ज्यालादारी) | | |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | १ | नगरपालिका तथा वडातर्फ करार | ६० |
| जम्मा | ६० | ५२ | ८ | ० | २ | स्वास्थ्य तर्फ करार | ५१ नगर अस्पताल समेत |
| स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत | | | | | ३ | ज्यालादारी | |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | ४ | जम्मा | १११ |
| जम्मा | ३१ | ३२ | ० | १- स्वास्थ्य मन्त्रालयवाट काज | कामकाजमा भएका कर्मचारी संख्या- १९६ | | |
| कार्यपालिका बैठकः बैठक संख्या ४ वटा | | | | | | | |

शाखा अधिकृत

**महिला बालबालिका तथा समाजकल्याण शाखा:**

- ज्येष्ठ नागरिक परिचय पत्र वितरण: महिला २१ जना, पुरुष १८ जना जम्मा ३९जना ।
- अपाङ्गता परिचयपत्र वितरण: पूर्ण अशक्त (रातो) ३ जना, अति अशक्त (निलो)५जना, मध्यम अपाङ्गता (पहेलो) २ जना र सामान्य अपाङ्गता (सेतो) १जना जम्मा:११जना ।
- हरितालिका तीज विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न। सहभागि संख्या ५३२

द्वन्द पिडित तथा प्रभावित महिला तथा वालवालिकाको समष्ठिगत आवश्यकता पहिचान गरि १०७ जनाको फारम संकलन गरिएको।

**स्वास्थ्य शाखा तर्फ :**

- गत आर्थिक बर्ष को स्वास्थ्य कार्यक्रम को बार्षिक तथा मासिक समिक्षा सम्पन्न गरिएको ।
- ८० बर्ष माथिका जेष्ठ नागरिक र रातो कार्ड पएका अपाङ्गता भएका ६४८ जना ब्यक्तिहरुको घर भेट गरी स्वास्थ्य परोक्षण कार्यक्रम सम्पन्न गरोएको ।
- समग्र स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरीय समिक्षामा भाग लिइ समग्र चितवन जिल्लामा कालिका नगरपालिका प्रथम स्थान हासील गर्न सफल भएको ।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तरगत ५ बर्ष मुनिका बालबालिकाहरुलाइ भिटामिन ए र जुकाको औषधी बितरण गरिएको ।
- निःशुल्क बितरण गर्नुपर्ने अत्यावश्यकीय औषधी खरिद गरी सबै स्वास्थ्य संस्थाहरुमा बितरण गरिएको ।
- बिध्यालयमा अध्ययनरत कोशोरीहरुलइ पाहिलो चरण को आइरन चक्की बितरण गरिएको ।
- डेङ्गी रोग नियन्त्रण गर्न परिक्षण किट खरिद गरी प्रयोगशालाहरुमा बितरण गरिएको ।

**कालिका नगर अस्पताल तर्फ**

१. आ ब ०८१/०८२ भरिमा जम्मा ७९८९३ सेवाग्राहीलाई सेवा प्रदान गरिएको।

२. टेण्डर मार्फत ४०० किसिमका बिमाका औषधिहरु खरिद गरि ब्यबस्थापन गरिएको।

३. ३ वटा ओ पि डी र २४ घण्टे ईमर्जेन्सी सेवाबाट दैनिक ३०० जना बिरामीलाई सेवा प्रदान गरिराखिएको ।

४. बालरोग, स्त्रीरोग, हाडजोर्नी ,सर्जरी बिशेषज्ञ सेवा र रेडियोलोजिष्ट सेवा संचालन गरिएको।

५. अस्पतालको भौतिक संरचना मर्मत तथा सुदृढिकरण गर्दै लगिएको र अस्पताल जन्य फोहोरलाई निर्मलीकरण गरि बिसर्जन गर्ने अटोक्लेभ कोठा निर्माण गरि अटोक्लेभ मेशिन जडान गरिएको ।

६. छुट्टै कोठा निर्माण गरि टोकन मेशिन जडान गरि पालो अनुसार टिकट लिने व्यवस्था गरिएको तथा टिकट काउन्टर बिस्तार गरि २ वटा बनाईएको र सेवालाई छिटो छरितो बनाउन सर्भर सहितको प्रणाली अधावधिक गरिएको ।

७. प्रयोगशाला सेवामा बिशिष्टकृत जाँचहरु समेत बिस्तार गरि सेवालाई सुदृढिकरण गरिएको ।

८. अस्पतालमा आउने सेवाग्राहीहरुलाई निशुल्क ईन्टरनेट सेवा उपलब्ध गराईएको ।

९. सेवाग्राहीको आबश्यकता र सहजताको लागी सेवासंग सम्बन्धित गुनासो सुन्ने र तत्काल समाधानको ब्यबस्था मिलाईएको ।

१०. नेपाल सरकारले तोकेका सबै जनस्वास्थ्य कार्यक्रम उच्च प्रगतिका साथ संचालन गरिराखिएको ।

नगर कार्यपालिकाको कार्यालय, रत्ननगर(?), चितवन, बागमती प्रदेश, नेपाल २०७३

शाखा अधिकृत

**शिक्षा शाखा तर्फ :-**

- ❖ विद्यालयको अनुगमन तथा सुपरिवेक्षण तथा EMIS सत्यापन कार्य गरेको।
- ❖ SLC (कक्षा १२) उत्तीर्ण विद्यार्थीहरुलाई सम्मान कार्यक्रम गरेको।
- ❖ करार शिक्षक छनौट गर्ने प्रयोजनार्थ विषय विज्ञ सूची प्रकाशित गरिएको।
- ❖ विद्यालयमा करार शिक्षक तथा कर्मचारी पदपूर्तिको कार्य गरिएको।
- ❖ विद्यालयको लेखा परिक्षण गर्न लेखा परिक्षकको आवेदन संकलन गरिएको।
- ❖ शिक्षकहरुको तलब सिफारिस गरेको।
- ❖ विविध निकाशा/विद्यालयको निकाशा सम्बन्धी कार्य।

**गै.स.स. तर्फ**

१. विभिन्न १० वटा गै.स.स. ले आफ्नो कार्यक्रम कालिकामा संचालनका लागि सहमति लागेका छन् भने ५ वटा संस्थाले परियोजना समन्वय समिति मार्फत कार्ययोजना समेत प्रस्तुत गरेका छन ।

**सामाजिक सुरक्षा भत्ता वितरण:**

| वर्ग (दोश्रो त्रैमासिक) आ.व ०८२/८३ | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | ४६ | ११ | ९ | २२ | २ | ५ | ९ | १०४ |
| जम्मा | २९९३ | १२९ | २७४ | ६९२ | ८२ | २४९ | १७७ | ४५९६ |

- ✔ लगत कट्टा १८ जना
- ✔ जम्मा वितरित भत्ता: ४ करोड ७३ लाख ७७ हजार ६ सय १० । (रु ४७३७७६१०।-)

**घटना दर्ता: (२०८२ साल श्रावण १ गते देखि २०८२ साल कार्तिक २५. सम्म)**

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य को संख्या | दर्ता संख्या | सदस्य को संख्या | |
| ११२ | ९८ | २१० | ४५ | २४ | ६९ | २१ | ९७ | ५८ | १७१ | ३८ | ८१ | ४९३ |

शाखा अधिकृत

न्यायिक समिति तर्फ

न्यायिक समितिको बैठक: संख्या -०२ ।

नगर स्तरमा ३ वटा मुद्दा दर्ता भएकोमा सो मुद्दा मिलापत्र तथा छलफलका लागि वडा कार्यालयम पठाएको ।

योजना तथा अनुगमन उपशाखा

| सि.न. | वडा | जम्मा योजना संख्या | सम्झौता भएका | भुक्तानी भएका |
|---|---|---|---|---|
| १. | १ | २१ | ० | ० |
| २ | २ | १५ | ० | ० |
| ३. | ३ | २२ | ० | ० |
| ४ | ४ | २२ | १ | ० |
| ५ | ५ | १९ | ० | ० |
| ६ | ६ | ३२ | ० | ० |
| ७ | ७ | २८ | २ | ० |
| ८ | ८ | १८ | २ | ० |
| ९ | ९ | ३४ | २ | ० |
| १० | १० | २६ | १ | ० |
| ११ | ११ | २७ | ० | ० |
| जम्मा योजना | | २६४ | ८ | ० |

श्रम स्वीकृति गरि बैदेशिक रोजगारीमा गएका संख्या :४८

आर्थिक प्रशासन शाखा र आन्तरिक लेखापरीक्षण एकाई:

क. हाल सम्मको बजेट खर्चको अवस्था:

| क्र.स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ५५,३६,५७,००० | १०,५०,४०,०७५ | १८.९७ |
| २ | पूँजीगत खर्च | ४२,७०,६३,००० | ६,२३,८६२ | ०.१५ |

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडुकसुम, चितवन बागमती प्रदेश, नेपाल २०७३

शाखा अधिकृत

| | | | |
|---|---|---|---|
| जम्मा खर्च | ९८,०७,२०,००० | १०,५६,६४,९०८ | १०.७७ |

ख. कालिका नगरपालिकाको संचितकोषको अवस्था:

| क.स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| १. | संघीय अनुदान | ४३,०१,००००० | ९,४०,५०,००० |
| २. | प्रदेश अनुदान | ६,९२,४१,००० | ९८,८५,२५० |
| ३. | *राजश्व बाँडफाँड* | २७,२३,७९,००० | ४,४९,५७,५९८ |
| ४. | *आन्तरिक स्रोत* | ७,००,००,००० | १३,८,३७,९१८ |
| ५. | *गत आ.व.को बैंक मौज्दात* | १२,००,००,००० | ७,५६,१५,४९२ |
| ६. | *अन्य संस्थागत आन्तरिक अनुदान* | ४०,००००० | |
| ७. | *जनसहभागिता* | १,५०,००,००० | |
| ९. | कुल जम्मा | ९८,०७,२०,००० | २३,८३,४६,२५८ |

**लेखापरीक्षण:**

- ✔ कालिका नगरपालिकाको सार्वजनिक लेखा समिति गठन भई समितिले कार्य गरिरहेको ।
- ✔ बेरुजु घटाउने विभिन्न कार्यक्रम संचालन गरिएको ।
- ✔ आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परिक्षण शुरु भएको छ ।

राजश्व

१. व्यवसाय कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ । बजार अनुगमन प्रभावकारी गराउने र स्थलगत मै गई व्यवसाय दर्ता गर्ने तयारीमा छौ ।

२. नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर तिर्न, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं ।

पूर्वाधार विकास तर्फ:-

आ. व. २०८२/८३ ठेक्का प्रकृया बाट योजनाहरू कार्यान्वयनको विवरण:

योजनाहरु एकिकृत गरी वा एकल रुपमा ठेक्का प्रकृयाका लागि सूचना गरिएका योजनाहरु ।

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय

शाखा अधिकृत

कुल ठेक्का लगाईएको योजनाः ११ वटा, ठेक्का खोलि सकेकोः ६ वटा, ठेक्का खुल्न बाँकी= ५ वटा, योजना सम्झौता भएको ठेक्काः २ वटा

ठेक्का लगाईएको योजनाको कार्यान्वयनको अवस्था निम्न अनुसार रहेको छ ।

| सि.नं | योजनाको नाम र योजना स्थल | अवस्था | कैफियत |
|---|---|---|---|
| १. | चपागौडी देखि बुङखोला हुँदै सेरबास सडक स्तरोन्नति, कालिका ८ | ठेक्का मुल्यांकनको क्रममा | प्रदेश सरकार समपुरक अनुदान) |
| २. | वडा नं ४ र ५ को सिमाना सडक बि.पी चोक देखि उत्तर पदमपुर सामुदायिक वन सडक कालोपत्रे, वडा नं ४ र ५ | ठेक्का मूल्यांकनको चरण<br>आर्थिक प्रस्ताव खोल्न बाँकी | |
| ३. | समिपुर माध्यमिक बिधालय भवन निर्माण, कालिका १ | सम्झौता सम्पन्न भई कार्यदेश दिईएको । | |
| ४ | खोलेसिमल कमलचोक क्लबचोक जुटपानीबजार हुँदै शक्तिखोर सडक स्तररोंनती | सम्झौता भएको । | |
| ५. | विभिन्न सडक निर्माण वडा नं ५ (५ वटा योजना एकीकृत गरी ठेक्का भएको) | | |
| ६. | . विभिन्न सडक स्थारोंनती कालिका ८ र ९ (२ वटा योजना एकीकृत गरी ठेक्का भएको) | सम्झौता हुन बाँकी । | |
| ७. | विभिन्न सडक निर्माण वडा नं २ (२ वटा योजना एकीकृत गरी ठेक्का भएको | सम्झौता हुन बाँकी । | |
| ८. | विभिन्न सडक निर्माण वडा नं ३ (४ वटा योजना एकीकृत गरी ठेक्का भएको) | सम्झौता हुन बाँकी । | |
| ९ | प्रि फ्याब भवन निर्माण वडा कार्यालय ६ आगजानीबाट क्षेती भएको हुँदा वडा कार्यालय संचालनको लागि | ठेक्का लगाईएको | |

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय चितवन

शाखा अधिकृत

७. प्राकृतिक विपद् मा परेका ५ घरधुरिलाई उचित राहात प्रदान गरीएको।

**फोहर महिला व्यव्स्थापन**

- फोहर प्रसोधन केन्द्र एवम फोहर व्यव्थापन केन्द्र निर्माणका लागि आवश्यक जग्गा प्रासिका लागि शहरी विकास मन्त्रालय, शहरी पुर्वाधार प्रविधि अनुसन्धान तथा तलिम केन्द्र ववरमहलमा प्रस्ताव पेश गरिएको।

**कृषि शाखा तर्फ**

कृषि विकास शाखाको नियमित परामर्श सेवाहरु नियमित रुपमा भईरहेका छ । सो अतिरिक्त देहायका कार्यहरु भएको छ ।

१.कालिका नगरपालिका अन्तर्गतका अनुदानको रासायनिक मल विक्रेता सहकारी तथा एग्रोभेटहरूको स्थलगत अनुगमन -१ पटक

२.अनुदानको मल विक्रेताहरूसंग बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न- १ पटक

३. नियमित रूपमा प्राप्त हुने अनुदानको रासायनिक मल वितरणका लागि कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई सिफारिस

- **हाल सम्म कालिका नगरपालिकाबाट वितरित मल परिमाण**

युरिया २६० मे.टन ( ५२०० बोरा)

डि.ए.पी २२५ मे.टन (४५०० बोरा)

पोटास ३५ मे.टन( ७०० बोरा)

४. बालीमा रोग तथा किराको समस्या भएका करिब ३०० कृषकहरूको खेतबारीमा स्थलगत अवलोकन गरी प्राविधिक परामर्श प्रदान गरिएको ।

(रेकर्ड नष्ट भएको)

५. कृषि बाली बिमाका लागि प्राविधिक प्रतिवेदन तयारि र सिफारिस ।

६. कृषि बाली बिमा दाबी भुक्तानीका लागि सिफारिस । (रेकर्ड नष्ट भएको)।

७. कृषक समूह दर्ता तथा नवीकरण । (रेकर्ड नष्ट भएको)।

८. अनुदानको रासायनिक मल बिक्रेताको डिलरसिप प्रमाणपत्र नवीकरणका लागि सिफारिस ।

९.कालिका नगरपालिकामा तरकारी खेती प्रवर्धनका लागि Japan International Cooperation Agency (JICA), Nepal बाट एक जना जापनिज स्वयंसेवक माग गरी कृषि विकास शाखामा कार्यरत रहेको।

१०. तरकारी,फलफूल एवं अन्नबालीमा रोगकिरा व्यवस्थापनका लागि एकीकृत शत्रु जिव व्यवस्थापन पद्दति अन्तर्गत मोहनि पासो, Yellow Sticky Trap एव जैविक बिषादी वितरण गरिएको । (रेकर्ड नष्ट भएको)

**पशु सेवा शाखा तर्फ :**

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रैटकसहाम, चितवन बागमती प्रदेश, नेपाल २०७३

शाखा अधिकृत

| | | | |
|---|---|---|---|
| | | | |
| १० | प्रि फ्याब भवन निर्माण वडा कार्यालय ४ आगजानीबाट क्षेती भएको हुँदा वडा कार्यालय संचालनको लागि | ठेक्का लगाईएको | |
| ११ | महिला संजाल भवनमा विधुतीय कार्य तथा नगर सभा हल सजावट कार्य (आगजानीबाट क्षेती भएको हुँदा सभा हल) | ठेक्का लगाईएको | |
| १२. | पिपरिया विद्यालय अधुरो भवन निर्माण- २ | ठेक्का प्रक्रियमा रहेको | |
| १३. | जनहित माध्यामिक विद्यालय भवन निर्माण - ३ | ठेक्का प्रक्रियमा रहेको | |

वन वातावरण तथा विपद् व्यवस्थापन

१. वैठक संख्या- ०१

२. मनसुन पुर्व विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सचेतना कार्यक्रम सम्पन्न भएको हो-
सहभागी संख्या-१६० - विद्यालयका वालल्कब, जुनियर रेडक्रस, स्काउट, नगर स्तरिय वालसन्जाल

३. मनसुन पुर्व विपद् व्यवस्थापन सचेतना कार्यक्रम सम्पन्न भएको हो-
सहभागी संख्या-९० - वडा नं. १, २, ४ र ६ का वढी ग्रर्त क्षेत्रका टोल विकास समितिका पदाधिकारीहरु

४. मनसुन पुर्व विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सचेतना कार्यक्रम सम्पन्न भएको हो-
सहभागी संख्या -८० - वडा नं. ३ र ७ का वाढी ग्रर्त क्षेत्रका टोल विकास समितिका पदाधिकारीहरु

५. जलवायु परिवर्तन सम्बन्धी सचेतना एवम विपद्जन्य घटनामा प्राथमिक उपचार सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको ।सहभागी संख्या-११० - विद्यालयका वालल्कब, जुनियर रेडक्रस, स्काउट, नगर स्तरिय वालसन्जाल

६. विपद् व्यव्थापन सम्बन्धी असल अभ्यास आदन - प्रदान कार्यक्रम - ०१

शाखा अधिकृत

कालिका नगरपालिका पशु सेवा शाखा बाट आ.व. २०८२/८३ को प्रथम चौमासिकमा भए गरेका कार्यहरुको संक्षिप्त विवरण:

**पशु सेवा शाखाको नियमित सेवाहरु तर्फ:**

१) औषधी उपचार सेवा तर्फ कुल ११६२ पशुहरुमा सेवा दिइएको छ ।

२) ११९ पशुहरुमा प्रजनन विकृति सम्बन्धी उपचार तथा परामर्श सेवा दिइएको छ ।

३) बन्ध्याकरण सेवा तर्फ ८४० भाले पशुहरुको स्थायी बन्ध्याकरण गरिएको छ ।

४) प्रयोगशाला सेवा तर्फ ५४ पशुहरुको गोबरको नमुना परिक्षणगरिएको छ ।

५) ३० पशुहरुमा रेबिज बिरुद्दको खोप प्रदान गरिएको छ ।

६) परिजीवी नियन्त्रण तर्फ ७४४८ पशुहरुमा आन्तरिक तथा बाह्य परिजिवि विरुद्दको औषधी उपचार गरिएको छ ।

७) कृत्रिम गर्भाधान सेवा तर्फ १९ भैंसी तथा १६७ गाईहरुमा गरि जम्मा १८६ पशुहरुमा कृत्रिम गर्भाधान सेवा दिइएको छ । जसमध्ये १८६ पशुहरुमा कृ.ग. सेवा नगरबाट परिचालित कृत्रिम गर्भाधान कर्ता( प्राविधिक) बाट भएको छ ।

८) बिमा गरिएका पशुहरुको मृत्यु बापत प्राप्त हुने क्षतिपुर्तिको लागी २१ वटा सिफारिस (बिमा कम्पनि) गरिएको छ

**नोटः भाद्र २३ र २४ गतेको जेन्जि आन्दोलनका क्रममा श्रावन तथा भाद्र महिनामा पशु सेवा शाखा बाट सम्पादित सम्पुर्ण कार्यहरुको विवरण तथा रेकर्ड जलेर नष्ट भएकोले उक्त महिनाको प्रगति विवरण पेश गर्न नसकिएको ।**

**पशु सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रमहरु तर्फ:**

१) पशुहरुमा लाग्ने विभिन्न संक्रामक रोगको उपचार तथा परिजिवी नियन्त्रणको लागी औषधी तथा सप्लिमेन्ट खरिद कार्यक्रम-प्रक्रियामा रहेको ।

२) पशुहरुमा कृत्रिम गर्भाधान कार्यक्रम- नियमित रुपमा भैरहेको ।

३) पशु सेवा शाखा तर्फका सम्पुर्ण अनुदानका कार्यक्रमहरु- सुचना प्रकाशन गर्ने तयारीमा रहेको ।

**भवन तथा बस्ती विकास शाखा र स्थानीय भूमि परिषद**

**१. घर नक्शा पास तर्फ**

| सि.नं | सूचना जारी गरेको संख्या | प्रथम चरण इजाजत (अस्थायी संख्या) | दोस्रो इजाजत (स्थायी संख्या) | निर्माण सम्पन्न संख्या |
|---|---|---|---|---|
| १. | २२ | १५ | ५ | ९ |

**२. अमिन माग तर्फ**

| सि.नं | अमिन सेवाको माग संख्या | अमिन सेवा दिईएको संख्या | कैफियत |
|---|---|---|---|

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चितवन, बागमती प्रदेश, नेपाल २०७३

शाखा अधिकृत

| | | | |
|---|---|---|---|
| १. | ४४ | ३० | बाकी १४ वटा अमिन माग निबेदन दिइ मानिस सम्पर्कमा नआएको र जग्गा वर्गिकरणको सिफारिश कामको कारणले हुन नसकेको |

**भूमि आयोगको काम सम्बन्धी:**

नगर स्तरीय बैठक १

**उद्योग व्यवसाय दर्ता सम्बन्धी:**

हाल सम्मको उद्योग व्यवसाय दर्ताको अवस्था: ३१

नविकरण भएको जम्मा: ३९

उद्योग व्यवसाय बन्द: २२

**सुरक्षित आप्रवासन सम्बन्धि कार्यक्रम ( मनोसामाजिक परामर्श सेवा )**

१. यस कालिका नगरपालिका भित्र बिदेशमा रहेका सदस्यहरुको मृत्युले निम्त्याएको आघात जन्य घटनाको प्रतिक्रिया लाई स्वीकार्यता जनाई आफ्नो दैनिक क्रियाकलापमा पुन; फर्कन व्यक्तिगत मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको ।

२. कालिका नगरपालिका भित्र बैदेशिक रोजगारीमा गएका परिवारलाई बिखन्डनबाट जोगिन र वालवालिका लाई हुर्किन बढ्नको लागि सहज पारिवारिक वातावरण बनाउन वालवालिकालाई मनोपरामर्श शिक्षा प्रदान गरिएको ।

३. कालिका नगरपालिका भित्र २५ जना नगरबासीहरुले व्यक्तिगत मनोपरामर्श सेवा लिईरहेको ।

४. ८ जना द्वन्द प्रभावित महिलालाई मनोपरामर्ष सेवा उपलब्ध गराएको ।

धन्यवाद

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय

शाखा अधिकृत

३.कालिका नगरपालिकाले सम्पादन गरेका कार्यहरुको सेवा सम्बन्धि नागरिकहरुको अभिमत सहजकर्ता एवं पत्रकार श्री सागर भण्डारीले संकलन गरिएको विवरण प्रस्तुतीकरण गरिएको थियो । खुल्ला सत्रको सहजकर्ता एवं पत्रकार श्री सन्तकुमार चौधरीले संचालन गर्नु भएको थियो ।उक्त कार्यक्रममा १५ जना व्यक्तिहरुले नगरको विभिन्न बिषयहरुमा आफ्नो आफ्नो धारणा, जिज्ञासा र प्रश्नहरु राखेका थिए । जसमा केही यस प्रकार रहेको छ ।

क.कार्यालयको प्रशासकीय भवनबाट कहिले देखि सेवा प्रवाह शुरु हुन्छ ।

ख. पुजीगत बजेट खर्च किन बढ्न सकेन । पालिकाले ध्यान दिनुपर्यो ।

ग. पालिकाले नीति तथा कार्यक्रममा समेटेका कार्यहरुलाई प्रार्थमिकता दिदा बढी उपयुक्त हुने ।

घ.मानव अधिकार सम्बन्धि कार्यक्रम संचालन गर्नुपर्यो ।

ङ.कालिका नगरपालिकाले अस्पताल सेवालाई विस्तार गर्दै अझ प्रवाभकारी बनाउन सुझाव ।

च. पुराना ठेक्का कि सम्पन्न गर्ने कि ठेक्का तोडी नया प्रक्रिया अघि बढाउन सुझाव ।

४. नगरपालिकाले गरेका प्रतिवद्धता:-

४.१ सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिने छ । कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक सस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ

४.२ .सेवा प्रवाहको औजरको रुपमा रहेको नागरिक अभिमत –पत्रमा प्राप्त सुझावहरुलाई प्रवाभकारी रुपमा कार्यन्वयन गरि स्वच्छ प्रशासनिक सेवा प्रवाहमा जोड दिईनेछ ।

४.३ .सार्वजनिक सुनुवाई नियमित रुपमा प्रत्येक चौमासिक रुपमा संचालन गरिने छ । योजनाहरुको सार्वजनिक परिक्षणमा जोड दिईने छ ।

४.४. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने बिषय भए आगामी नगरसभा र व्यवहारिक र कार्य दक्षता लाई तत्काल शुरुवात गरिने छ ।

सार्वजनिक सुनुवाईमा कार्यक्रममा शाखागत रुपमा उठेका जिज्ञासाको शाखा अधिकृत रामप्रसाद अधिकारी , शाखा अधिकृत प्रकाश चन्द्र पौडेल, कालिका नगर अस्पतालका प्रमुख डा. जीवन खरेल ले दिनुभएको थियो ।समग्रमा कार्यालय प्रमुख श्री देवराज चौलागाईले सेवा प्रवाहको बिषयमा उठेका प्रश्नहरुको जवाफ दिनुहुदै सेवा प्रवाहलाई परिवर्तनको अनुभूत हुने गरि सुधार गरिएको र कालिका नगर बनाउने हामी सबैको जिम्मेवारी हो भन्दै समस्या समाधान गर्दै अगाडि बढ्ने प्रतिवद्धता ब्यक्त गर्नुभयो । अन्त्यमा नगरपालिकाका नगर प्रमुख श्री बिनोद रेग्मीज्यूले सेवाग्राहीले उठाएका प्रश्न जिज्ञासा सुझावहरुलाई समेटी आफ्नो धारणा ब्यक्त गर्नु हुदै जिज्ञासा राख्नुहुने सबैलाई धन्यवाद दिदै कार्यक्रममा उठेका बिषयबस्तुलाई गम्भीरताका साथ लिईएको सकारात्मक सुझावका लागि नगरको ढोका सधै

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय टाँडी चितवन बागमती प्रदेश नेपाल

शाखा अधिकृत

खुला रहेको नकारात्मक टिप्पणी नगर्न अनुरोध गर्दै सकारात्मक सुझावको स्वागत गरिने र आगामी दिनमा सकारात्मक सुधार भएको महसुस गर्ने गरि कार्यक्रम संचालन गर्ने र नगरको समग्र विकास र सम्बृद्धिका लागि आफु लागि परेको , यस्ता सकारात्मक सुझावले थप हौसला एवं प्रेरणा मिलेको भन्दै कार्यक्रम समापन गर्नु भएको थियो |कार्यक्रम करिव ५.०० बजे समापन गरिएको थियो |

धन्यबाद

प्रकाश चन्द्र पौडेल
सूचना अधिकारी

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रैंडकसयाम, चितवन
बागमती प्रदेश, नेपाल
२०७२